annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ७८ पृष्ठ ८ | काठमाडौं, बुधबार ३२ असार २०८२ | श्रावण कृष्णपक्ष षष्ठी नेपाल संवत् ११४५ | WEDNESDAY, JULY 16, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# भूकम्पपीडित टहरामै, बर्खामा बिजोग

२०८० कात्तिक १७ गते जाजरकोटलाई केन्द्र बिन्दु बनाएर भूकम्प गयो । १ सय ५४ जनाको ज्यान गयो । जाजरकोट, रुकुमपश्चिम र सल्यानमा ७० हजार बढी निजी आवासमा क्षति पुग्यो । भूकम्पलगत्तै दौडिदै नेताहरू पीडित समक्ष पुगे । राहत बाँडे । सरकारले पीडितलाई तत्काल घर बनाइदिने आश्वासन दियो । गैरसरकारी संघसंस्था पनि थुप्रै आए । तर विस्तारै सबै हराउँदै गए । बर्खा लाग्यो, पीडित टहरामै छन् । उनीहरूको अवस्था दिनप्रतिदिन बिजोग बन्दै छ ।



अस्थायी आवास अनुदान रकम वितरणको अवस्था

| | प्रारम्भिक लाभग्राही सूची | दोस्रो किस्ता निकासा गरिएको लाभग्राही |
|---|---|---|
| भेरी नगरपालिका | ९,५०१ | २,१५४ |
| नलगाड नगरपालिका | ९,८७७ | ६,००० |
| छेडागाड नगरपालिका | ८,९९५ | ६,००० |
| बारेकोट गाउँपालिका | ४,५८६ | ४,६३९ |
| कुशे गाउँपालिका | ४,५७५ | ३,००० |
| जुनिचाँदे गाउँपालिका | ४,४०६ | ४,००० |
| शिवालय गाउँपालिका | ३,३६० | २,९९६ |

डीडीए प्रमाणीकरण भएका घरधुरी

प्रमाणीकरण हुन बाँकी ८०,०००

| जिल्ला | घरधुरी |
|---|---|
| डडेलधुरा | ८५ |
| बाजुरा | ९५० |
| बझाङ | १७४० |
| डोटी | १३६५ |
| अछाम | ५५४१ |
| रुकुम | ५८४७ |
| जाजरकोट | ५४५६ |

राजेन्द्र कार्की | जाजरकोट
- को रिपोर्ट

समाचार पृष्ठ २

## युक्रेनसँग सम्झौता नगरे रुसलाई १०० प्रतिशत कर लगाउने ट्रम्पको चेतावनी



**वासिङ्टन** (एजेन्सी) : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनसँग ५० दिनभित्र सम्झौता नगरे रुसमाथि एक सय प्रतिशत 'सेकेन्डरी ट्यारिफ' लगाउने चेतावनी दिएका छन्। ह्वाइट हाउसमा नाटो महासचिव मार्क रुटसँग सोमबारको भेटवार्ताका क्रममा ट्रम्पले आफ्ना रुसी समकक्षी भ्लादिमिर पुटिनप्रति आक्रोश पोख्दै ५० दिनभित्र सम्झौता नभए कडा भन्सार शुल्क लगाउने धम्की दिएका थिए।

'हामी निकै दुःखी छौं, म रुससँग छु। तर, हामी त्यो कुरा फरक दिनमा छलफल गर्नेछौं। तर, ५० दिनमा सम्झौता भएन भने हामी धेरै कडा भन्सार शुल्क लगाउने छौं, शुल्क लगभग १०० प्रतिशत। तपाईं तिनीहरूलाई सेकेन्डरी ट्यारिफ भन्नुहुन्छ', ट्रम्पले भनेका थिए, 'हामीले रुस र युक्रेनसँगको यो युद्धमा लगभग तीन खर्ब ५० अर्ब अमेरिकी डलर खर्च गरेका छौं र यो अन्त्य भएको हेर्न चाहन्छौं। यो मेरो युद्ध थिएन। यो बाइडेनको युद्ध थियो। यो मेरो युद्ध होइन।'

ट्रम्पले एउटा सम्झौता पनि सार्वजनिक गरेका थिए। उक्त सम्झौताअन्तर्गत नाटोले अमेरिकाबाट हतियार खरिद गर्नेछ र त्यसपछि रुससँग चलिरहेको युद्धको बीचमा युक्रेनलाई वितरण गर्नेछ।

गत हप्ता, अमेरिकी विदेशमन्त्री मार्को रुबियोले रुसी समकक्षी सेर्गेई लाभरोभसँगको भेटका क्रममा शान्ति वार्तामा प्रगति नभएकामा अमेरिकी राष्ट्रपति ट्रम्पको 'निराशा र हतासा' प्रतिध्वनित गरेको बताएका थिए। लाभरोभसँगको भेटपछि जुलाई १० मा क्वालालम्पुरमा पत्रकारहरूसँग कुरा गर्दै रुबियोले रुस र युक्रेनबीचको द्वन्द्वको नतिजा खोज्नमा संलग्न सबै पक्षलाई संलग्न गराउन अमेरिकाको रणनीति रहेको बताएका थिए। रुबियोले लाभरोभसँगको आफ्नो वार्तालाई 'स्पष्ट र महत्त्वपूर्ण' भनेका थिए।

## झ्याप्ले खोलामा पहिरो व्यवस्थापन अन्तिम चरणमा

सुनिता कार्की | काठमाडौं

पहिरोले क्षतिग्रस्त नागढुंगा-नौबिसे सडकखण्डअर्न्तगतको झ्याप्ले खोलाको प्रारम्भिक व्यवस्थापनको काम अन्तिम चरणमा पुगेको छ। करिब २ करोड लागतमा उक्त क्षेत्रमा पुनर्निर्माण तथा व्यवस्थापनको काम भइरहेको नागढुंगा-मुग्लिन सडकअन्तर्गत पूर्वी खण्ड आयोजना प्रमुख केशवप्रसाद ओझाले अन्नपूर्णलाई जानकारी दिए। आगामी साउनसम्म उक्त पुनर्निर्माणको काम सक्ने योजना रहेको उनले बताए। क्षतिको पुनर्निर्माण र तत्कालका लागि पहिरो रोकथामको काम भइरहेको ओझाले बताए।

गत असोज ११ र १२ को अविरल वर्षापछि १२ गते दिउँसो काठमाडौंको चन्द्रागिरि-२ मा पर्ने र धादिङ जिल्लाको सिमानानजिकै रहेको झ्याप्लेखोलास्थित त्रिभुवन राजपथमा माथिबाट पहिरो खसेको थियो। पहिरोका कारण काठमाडौंतर्फ जाँदै गरेका लु१ज ४५७८ को टाटा बिंगर, बा२ख १३४५ को ह्यास माइक्रोबस र ना४ख २२७० को बस पुरिएका थिए। ३५ जनाको ज्यान गएको थियो। यस्तै, बा१प १३८८, बा१प ८, बा२ख १७४१ र भारतीय नम्बर एचआरएबी ७०७० को सवारीसाधनमा पनि क्षति भएको थियो।



फोटो सौजन्य : नेपाल पूर्वाधार पत्रकार समाज

पहिरो नागढुंगा चोकबाट ६ सय मिटर अगाडिदेखि सुरु भई २.७ किलोमिटर तलसम्म खसेको थियो। पहिरोले नागढुंगा-नौबिसे सडकखण्डमा क्षति भएको थियो। उक्त सडकखण्डमा टेवा पर्खाल, ब्रेस्टवाल, कल्भर्टलगायत संरचनाहरूमा क्षति पुगेको थियो। अहिले ती संरचनाको पुनर्निर्माणको काम अन्तिम चरणमा पुगेको आयोजना प्रमुख ओझाले बताए।

'झ्याप्ले खोलामा पहिरो खसेको ठाउँमा पहिरो रोकथामको प्रारम्भिक चरणको पुनर्निर्माण गरिएको हो। त्यहाँ तीन वटा काम भइरहेका छन्। पहिलो, झ्याप्ले खोलामा पहिरो जाँदा पहिला लगाएको पर्खाल जोखिमपूर्ण अवस्थामा रहेकाले त्यसलाई जोगाउन माइक्रो पायलिङ गरिएको छ। दोस्रो, पहिरो गएको तल्लो क्षेत्रमा ग्याबिन पर्खाल लगाउने काम पनि लगभग सक्किएको छ। तेस्रो, पहिरोले भत्किएको पर्खालमा अर्को पर्खाल निर्माणका लागि 'स्वायल एंकर' गर्नुपर्ने काम अघि बढाइएको छ। यो काम भने बाँकी रहेको प्रमुख ओझाले बताए। आगामी साउनसम्म उक्त काम पनि सम्पन्न गर्ने योजना आयोजनाको छ।

### झ्याप्ले खोलामा आठ महिनापछि मात्रै पहिरो व्यवस्थापन सुरु

नागढुंगा-मुग्लिन सडक भएर दैनिक करिब १५ हजार सवारीसाधन ओहोरदोहोर गर्छन्। यो खण्डको स्तरोन्नतिको काम विश्व बैंकबाट सहुलियतपूर्ण ऋण र सरकारको लगानीमा भइरहेको छ।

बाँकी पृष्ठ ६

## सदस्यता नवीकरणका लागि परीक्षा अनिवार्य

**काठमाडौं** (अन्नपूर्ण) : नेकपा एमालेले 'दुई पुस्ता सँगसँगै' विशेष कार्यक्रम सञ्चालन गर्ने जनाएको छ। नयाँ र पार्टी सदस्यता नवीकरण पूर्व अनिवार्य रूपमा परीक्षा दिनुपर्ने व्यवस्था पनि गरेको छ । केन्द्रीय संगठन विभागको बैठकले सबै जिल्लामा एमालेको समग्र संगठनात्मक प्रोफाइल तयार पार्ने निर्णय गरेको छ।

संगठन विभाग सचिव माधव ढुंगेलले जनसंगठनका तलसम्म कमिटी निर्माण गरिसक्ने, समुदायसँग जनसंगठन अभियान चलाउने निर्णय भएको बताए। उनले भने, 'दुई पुस्ता सँगसँगै' विशेष कार्यक्रम चलाउने, हरेक वडामा अग्रज सम्मान र युवा प्रशिक्षण कार्यक्रम सँगसँगै आयोजना गरिनेछ'। उनले जेलनेल खाएका, परिवर्तन सहभागी भएका पुराना पुस्ता र परिवर्तन नै नदेखेका नयाँ पुस्तालाई सँगसगै अगाडि जाने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्न लागिएको बताए। पार्टी मिसन, भिजन, सामान्य सिद्धान्तबारे जानकारी दिएर सदस्यता दिनका लागि परीक्षा दिने प्रणालीको विकास गर्न खोजेको पनि उनले स्पष्ट पारे। 'सदस्यतालाई जटिल बनाउन होइन, नयाँ सदस्य बन्दा कम्तीमा पार्टीको नाम, मिसन, भिसनको बारेमा सामान्य जानकारी होस्, पार्टीको बारेमा थाहा होस् भनेर यो प्रणाली विकास गर्न खोजेका हौं,' उनले भने।

बाँकी पृष्ठ ६

# घुस काण्डमा मुछिएका मन्त्री गुप्ता बाहिरिए, न्यौपाने भित्रिइन्

सुरेन्द्र काफ्ले | काठमाडौं

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले राजीनामा दिएका छन्। घुस लेनदेनको अडियो सार्वजनिक भएपछि विवादमा तानिएका मन्त्री गुप्ताले प्रधानमन्त्री केपी शर्मा ओलीको निर्देशनमा नै राजीनामा दिएका हुन्। प्रधानमन्त्री ओलीले बालुवाटार बोलाएर गुप्तालाई सोमबार नै राजीनामा दिन भनेका थिए ।

घुस लेनदेनको अडियो सार्वजनिक भएपछि उनलाई बर्खास्त गर्नुपर्ने भन्दै सत्तापक्षकै सांसदले समेत माग गरेका थिए। राजीनामापछि मन्त्री गुप्ताले सामाजिक सञ्जालमा लेख्दै प्रविधिको सिकार भएको बताएका छन्। उनले लेखेका छन्, 'प्रविधिको उच्चतम प्रयोगको सिकार अब अरू कोही पनि नबनून् भन्ने अपेक्षा गर्दै आजसम्म विभिन्न रूपले आफूलाई सहयोग गर्नुहुनेहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।' उनले थप लेखेका छन्,'विगत केही दिनअघिदेखि निरन्तर मेरो नाम घुस डिलसँगै जोडेर प्रचारमा आएको कुरा सबैलाई विदितै छ।' उनले नखाएको विषको सिकार भएको बताएका छन्।





'कहिलेकाहीँ नखाएको विष पनि लाग्दोरहेछ, म अहिले त्यसैको सिकार भएँ। अब लागेका आरोप अनुसन्धान गरी सत्यतथ्य कुरा बाहिर ल्याउन सहयोग पुगोस् भनेर सम्माननीय प्रधानमन्त्रीसमक्ष सामान्य प्रशासनमन्त्री पदबाट राजीनामा गरेको छु।' उनले देश र जनताप्रति थप जिम्मेवारीबोधका साथ पार्टीले दिएको जिम्मेवारी इमान र निष्ठासाथ पूरा गर्ने प्रतिबद्धता पनि जनाएका छन्। उनले भनेका छन्,'अब फेरि एकपटक देश र जनताप्रति थप जिम्मेवारीबोधका साथ पार्टीले दिएको जिम्मेवारी इमान र निष्ठासाथ पूरा गर्ने प्रतिबद्धतासाथ जनताको घरदैलोमा आउने प्रण गर्दछु।'

उता संसद्मा मन्त्रीको राजीनामा मात्र होइन, कारबाही गर्नुपर्ने आवाज उठेको छ। राप्रपाका प्रमुख सचेतक ज्ञानेन्द्रबहादुर शाहीले गुप्तालाई पक्राउ गरी छानबिन गर्नुपर्ने बताए। उनले भने, 'मन्त्री गुप्ताको राजीनामाले मात्रै पुग्दैन, पक्राउ गरी छानबिन गर्नुपर्छ।'

बाँकी पृष्ठ ६

## मन्त्री गुप्ताको राजीनामा कनेक्सन, पोखरा-१६ दीपको लिची बगैंचाबारी

कृष्णमणि बराल | पोखरा

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले मंगलबार पदबाट राजीनामा दिए। त्यसको कारण हो-पोखरा-१६ दीपको लिची बगैंचाबारी हडप्ने चलखेलसँग जोडिएको अडियो काण्ड। दीपको लिची बगैंचाबारीको करिब १ सय ३५ रोपनी जग्गा हडप्ने चलखेल अडियोमा घुस डिल गरेका सुजन लामाकै अगुवाइमा भएको थियो। जग्गा हत्याउनकै निम्ति कास्कीका मालपोत प्रमुख नै फेर्ने प्रपञ्चसम्म पुगेपछि मन्त्री गुप्ता पनि जोडिन पुगेका थिए।

लिची बगैंचाको जग्गा हडप्ने योजनासहितको फाइल दुई वर्षदेखि मालपोत कार्यालयमा अड्किएको थियो। अनुकूल मालपोत अधिकृत ल्याएर जग्गा हडप्ने योजनाकै क्रममा मन्त्रीसम्म चलखेल गर्नेहरू पुगेका थिए। सार्वजनिक भएको अडियोमा जग्गा हडप्न बिचौलियाले मन्त्री गुप्तासँग पोखराको जग्गाले 'हामीलाई टुलुटुलु हेरिरहेको छ,' भन्दै रकम डिल गरेको आवाज सुनिन्छ। यही अडियो सार्वजनिक भएपछि गुप्ताको प्रतिपक्ष र सतापक्षले पनि राजीनामाको माग गरेका थिए।

पोखरा दीपको जग्गा तत्कालीन राजाले राणाहरूलाई बिर्ता दिएका थिए। पछि किर्ते गरी अर्कैको नाममा गएको भन्दै जग्गा हत्याउन चलखेल भएको हो। जग्गा हडप्न बिचौलियाले तीनजना कर्मचारीको सरुवा गराएर मालपोत कार्यालय कास्कीमा धम्क्याएको कर्मचारीले बताएका छन्। यो जग्गा अहिले विभिन्न व्यक्तिहरूले भोकचलन र खरिदबिक्रीसमेत गरिरहेको जग्गा हो। मालपोत कास्कीमा कागजातसहित निवेदन दिने र मन्त्रीदेखि विभिन्न नेताहरूसँगको आडमा जग्गा हडप्न दबाब दिने काम लामाले नै गरेको मालपोतका अधिकारीले बताएका छन्।

बाँकी पृष्ठ ६